मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## कृषि विकास कार्यक्रममा सहभागी हुने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/६/८

सूचना नम्बर :०७/०८०/०८१ (कृषि विकास शाखा)

मेलम्ची नगरपालिका कृषि विकास शाखाको आ.व. २०८०/०८१ को स्वीकृत कृषि विकास कार्यक्रम अनुसार देहाय अनुसारको कार्यक्रम सञ्चालनको लागि इच्छुक मापदण्ड पुगेका कृषक/ कृषक समूह/कृषि सहकारी/ कृषि फर्म बिद्यालयहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन मिति २०८०/६/२८ गते कार्यालय समय भित्र मेलम्ची नगरपालिका कृषि विकास शाखामा वा कृषि विकास शाखाको वेवसाइट https://www.melamchikrishi.gov.np/ मा गई आयोजना/कार्यक्रम माग आवेदन फारममा क्लिक गरी अनलाइन आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। साथै अनुदानको मलको भरपाई बुक नं नभएका आवेदनहरु छनोट प्रक्रियामा समावेश नगरिने व्यहोरा समेत अनुरोध छ।

| क्र.स | कार्यक्रमको नाम | सञ्चालन गरिने क्रियाकलाप | अनुदान प्रतिशत |
|---|---|---|---|
| १ | कृषि व्यवसाय प्रवर्धन कार्यक्रम | अमिलो जातको फलफूल बगैचा व्यवथापन | |
| २ | साना सिँचाइ मर्मत | ५० प्रतिशत लागत साझेदारीमा प्लाष्टिक पोखरी/सिमेन्टेड पोखरी निर्माण। | ५० |
| ३ | स्कुल अफ हर्टिकल्चर | बिद्यालयहरुलाइ कृषि उत्पादन सामाग्री उपलब्ध गराउने। | |
| ४ | बगैचा सुधार कार्यक्रम | ५० प्रतिशत अनुदानमा निलोतुथो चुन प्रोटिन बेट खनिज/हर्टिकल्वर तेल वितरण गर्ने। | ५० |
| | | ५० प्रतिशत अनुदान सिकेचर पुर्निङ स फल टिप्ने भर्याङ पावर स्प्रेयर वितरण गर्ने। | ५० |
| ५ | घर बगैचा तथा पोषण सुधार कार्यक्रम | ५० प्रतिशत अनुदानमा फलफूलको विरुवा वितरण गर्ने। | ५० |

## आवश्यक कागजातहरु

- तोकिएको ढाँचामा निवेदन (अनुसुची -२) साना सिँचाइ मर्मतका लागि (अनुसुची-८) र स्कुल अफ हर्टिकल्चरको लागि (अनुसुची-९) अनुसार।
- नगरपालिकाले वितरण गरेको अनुदानको मलको भरपाई बुकको फोटो भएको पानाको प्रतिलिपी (संस्थाको हकमा सहभागी कृषकहरु सबैको)।

प्रशासकीय अधिकृत

# मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

- सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- संस्था दर्ता प्रमाणपत्र, करचुक्ता,सञ्चालक समितीको कार्यक्रम माग गर्ने र लागत साझदारी गर्ने प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपी ।(संस्थाको हकमा मात्र)।
- भुमिकर तथा सम्पति कर तिरेको रसिदको प्रतिलिपी (सहकारी/समूहको हकमा संचालक समितिको पदाधिकारीहरु र सहभागी कृषकहरु सबैको)।
- पशु सेवा शाखामा सुचिकृत प्रमाणपत्रको प्रतिलिपी (कृषि फर्महरुको हकमा मात्र)।
- साना सिचाइ मर्मतको हकमा कृषक समूह /कृषि सहकारीहरुले मात्र आवेदन दिन पाइनेछ र सामुहिक रुपमा प्रयोग गर्नुपर्नेछ।
- स्कुल अफ हर्टिकल्चरमा इच्छुक र सम्भाव्य विद्यालयहरुको लागी उत्पादन सामाग्रीहरु उपलब्ध गराइनेछ।

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाईट www.melamchimun.gov.np मा हेर्नुहुन तथा मेलम्ची नगरपालिका कृषि विकास शाखा, एकिकृत सेवा केन्द्र पिप्लेमा सम्पर्क राख्नुहुन वा ०११४०१०८९ सम्पर्क गर्न सक्नुहुनेछ साथै अनुसुचीहरु मेलम्ची नगरपालिकाको वेसाइट, कृषि विकास शाखा र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

२०८०/६/५
.................................
(निमेष मिश्र)
प्रमुख प्रशासकीय अधिकृत